# विश्व न्याय गृह

## रिज्वान २०२४

नौ वर्षे प्रयासका अति कठिन दुई वर्ष पार भएका छन् । ईश्वरका मित्रहरूले यसको उद्देश्यलाई दृढतापूर्वक हृदयमा लिएका छन् । सामुदाय निर्माण प्रक्रियालाई अझ विस्तार गर्न र गहिरो सामाजिक रूपान्तरणलाई प्रभाव पार्नको लागि के आवश्क छ भन्ने बारे पुरै बहाई विश्वभरि बुझाईको गहिराई बढेको छ । तर प्रत्येक दिन बित्दैजाँदा, हामी यो देख्दछौ कि संसारको अवस्थामा झन् नौराश्यजनक हुँदै गएको छ, यो झन् गम्भिर रूपमा विभाजित भएको छ । समाजहरूभित्र र राष्ट्रहरूमा बढ्दै गएको तनावहरूले मानिसहरूलाई र स्थानहरूलाई असंख्य तरीकाबाट असर पारिरहेको छ ।

यसले प्रत्येक सचेत आत्माबाट प्रतिउत्तरको माग गर्दछ । हामी सबै सचेत छौं कि अति महान नामको समुदायले समाजका कष्टहरूबाट अप्रभावित हुने आशा गर्न सक्दैन । तैपनि, यी कष्टहरूबाट प्रभावित भए पनि, यो तिनीहरूबाट अलमलिएको छैन, यो मानवताका पीडाहरूबाट दुःखी छ, तर तिनीहरूबाट पक्षघात भएको छैन् । निराशाको सट्टा आशा, द्वन्दको सट्टा एकता पैदा गर्ने समुदाय निर्माणको लागि हार्दिक चासो राखेर निरन्तर प्रयास गर्नुपर्छ ।

शोघी एफेन्दीले “मानव मामिलाको क्रमिक गिरावट” को प्रक्रियाको साथ-साथै समानान्तर रूपमा अर्को एकिकरणको प्रक्रिया, जसको माध्यमबाट “मानव मुक्तिको वहान” “समाजको आश्रय” निर्माण भईहरेको छ वर्णन गुर्न भएको छ। हामी हरेक देश र क्षेत्रमा शान्तिका सच्चा अभ्यासकर्ताहरू यो आश्रयस्थल निर्माणमा संलग्न भएको देखेर रमाउँदछौं । हामी यसलाई ईश्वर प्रेमले प्रज्ज्वलित हरेक हृदयमा, नयाँ साथीहरूको लागि आफ्ना घर-खोलेका परिवार, कुनै सामाजिक समस्याको समाधानमा बहाउल्लाहका शिक्षाबाट प्रेरणा लिने सहयोगीहरु, आपसी सहयोगको संस्कृतिलाई बलियो बनाएको समुदाय, आफ्नो आध्यात्मिक वा भौतिक प्रगतिको लागि आवश्यक कार्यहरू शुरु गर्न र दिगो बनााई राख्न सिक्ने कुनै टोल वा गाउँ र एउटा नयाँ आध्यात्मिक सभाको उदयबाट आशिर्वाद प्राप्त ईलाकाको प्रत्येक विवरणमा देख्दछौ ।

योजनका विधि र साधनहरूले प्रत्येक आत्मालाई आजको दिनमा मानवताको लागी जे आवश्यक छ त्यसमा योगदान दिन अवसर दिन्छ । तत्कालका विकृतिहरूका लागि अस्थाई मुक्तिको प्रस्ताव गर्नुभन्दा पर योजनाको प्रयोग नै त्यो माध्यम हो जसद्वारा पुस्तौंसम्म अनावृत हुनेवाला दीर्घकालिन, रचनात्मक प्रक्रियाहरूलाई हरेक समाजमा गति प्रदान गरिदैछ । यसले एउटा अत्यन्त जरुरी, अपरिहार्य निष्कर्षलाई इंगित गर्दछः यस कार्यको सफलताको लागि आफ्नो समय, आफ्नो उर्जा, आफ्नो एकाग्रह प्रतिबद्ध गर्नेहरूको संख्यामा दिगो, र द्रुत गतिमा वृद्धि हुनु पर्दछ ।

विश्वले सबै विविध तत्वहरूलाई एकताबद्ध गर्न सक्ने पर्याप्त व्यापक दर्शन, बहाउल्लाहको मानव जातिको एकताको सिद्धान्तमा बाहेक अरू कहाँ पाउन सक्छ ? त्यो दृष्टिकोणलाई विविधतामा एकताको सिद्धान्तमा आधारित व्यवस्थामा परिवर्तित गर्नु बाहेक विश्वले ती सामाजिक विकृतिलाई कसरी निको पार्न

सक्छ जसले यसलाई विभाजित गर्छ ? त्यो जोरन अरू को हुन सक्छ जसको माध्यमबाट संसारका मानिसहरूले जीवनको नयाँ मार्ग, स्थायी शान्तिको बाटो पत्ता लगाउन सक्छन ? त्यसैले सबैसँग मित्रता, साझा प्रयास, साझा सेवा, सामूहिक सिकाईका साथ एक भएर अगाडि बढ्नोस् ।

कुनै पनि समाजका युवाहरू बहाउल्लाहको दर्शनप्रति जागृत भएर योजनाका नायक बने भने, कति जीवन्तता र शक्ति उत्पन्न हुन्छ भन्ने कुरामा हामी सचेत छौं । त्यसै कारण, अपार दया, साहस र ईश्वरमा पूरा भरोसाका साथ बहाई युवाहरूले आफ्ना साथीहरुसम्म पुग्ने र उनीहरूलाई यस काममा ल्याउने संकल्प गर्नु पर्छ । सबै अघिबढ्नु पर्छ, तर युवाहरूले उच्च उडान भर्नुपर्छ ।

यस समयको अविलम्ब आवश्यकताको कारण सेवाबाट आउने आनन्दलाई अस्पष्ट पार्नु हुँदैन । सेवाको लागि आह्वान एउटा उत्थानदायी, सर्वआलिंगनकारी आह्वान हो । यसले प्रत्येक वफादार आत्मालाई आकर्षित गर्दछ, यहाँसम्म की चिन्ता र उत्तरदायित्वहरूको बोझले झुकिरहेकाहरू समेतलाई पनि । किनकि निष्ठावान आत्माहरु जुन कुराहरूमा ब्यस्त छन, त्यसमा उनीहरुको गहिरोसँग जरा गाडेको भक्ति र अरूको भलाईका लागि आजीवन चिन्ता देखिन्छ । त्यस्ता गुणहरूले जीवनका विभिन्न भागहरूको अनुरूपता दिन्छन् । अति प्रज्ज्वलित हृदयका लागि सबैभन्दा मीठा पलहरू ती आध्यात्मिक भाई र बहीनीहरूसँग विताएका पलहरु नै हुन, जसले आध्यात्मिक पोषणको खाँचोमा परेको समाजको हेरचाह गर्दैछन ।

तपाईहरूलाई माथी उठाउनु भएकोमा र उहाँकै मार्गमा तालीम दिनु भएकोमा पवित्र तिर्थस्थलहरूमा, भरिएको हृदयका साथ बहाउल्लाहलाई कृतज्ञता व्यक्त गर्दछौं र उहाँसँग तपाईंहरूलाई उहाँको आशिर्वाद पठाउन हुन याचना गर्दछौं

विश्व न्याय गृह

बहाई विश्व केन्द्र